नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

मितिः २०८२/७/९

## प्रेस विज्ञप्ती

भूमि व्यवस्था ,सहकारी तथा गरिवी निवारण मन्त्री माननीय अनिलकुमार सिन्हाज्यूले मिति २०८२/६/७ मा यस मन्त्रालयको कार्यभार सम्हाल्नु भएको र कार्यकालको एक महिना अवधिमा देहाय बमोजिमका महत्वपूर्ण कार्यहरु सम्पन्न भएको ब्यहोरा सर्वसाधारण सबैको जानकारीको लागि अनुरोध गरिन्छ ।

१. **भूमि समस्या समाधान आयोग खारेजी सम्बन्धमाः** नेपाल सरकार) मन्त्रिपरिषद् (बाट मिति २०८२/०६/२३ मा भूमि समस्या समाधान आयोग गठन आदेश २०८१ ,सो गठन आदेश बमोजिम गठन भएको भूमि समस्या समाधान आयोग र सबै जिल्लामा गठन भएका जिल्ला समितिहरु खारेज गर्ने निर्णय भई मिति २०८२/०६/२७ को राजपत्रमा प्रकाशित गरिएको । उक्त आयोगबाट हालसम्म भएका काम कारबाही ,संङ्कलन गरेका विवरण ,निर्णय मिसिल , तथ्याङ्क फारामहरु/कागजातहरु एवं सवारी साधन लगायतका भौतिक सम्पत्तिहरु केन्द्रको हकमा आयोगको सदस्य सचिवले नापी विभागमा र जिल्ला समितिको हकमा सम्बन्धित सदस्य सचिवले जिल्लाका नापी कार्यालयमा २०८२ कार्तिक मसान्तभित्र बुझाई यसअघि तोकिएको अवधिभित्र संकलित आवेदनहरूलाई कम्प्युटर प्रविष्ट गर्ने एवं सम्पूर्ण काम सम्पन्न भैसकेकाको हकमा जग्गाधनी दर्ता प्रमाण पूर्जा वितरण कार्य लगायतका अन्य प्रशासनिक कार्यहरूलाई निरन्तरता दिने गरी व्यवस्था मिलाइएको ।

२. **कम्पनी मार्फत हुने घरजग्गा कारोवारका लागि इजाजत पत्र आवश्यक पर्ने सम्बन्धमाः** मालपोत ऐन ,२०३४ को दफा २६) क (मा "नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्रमा सोही सूचनामा उल्लेख भएको क्षेत्रफल वा रकमको सीमाभन्दा बढीको घर जग्गा सम्बन्धी कारोबार गर्दा यस ऐन बमोजिम ईजाजत पत्र लिनुपर्नेछ ।" भन्ने प्रावधान रहेको सन्दर्भमा २०८२/०६/२७ देखि लागू हुने गरी ६ वटा महानगरपालिका र ११ उपमहानगरपालिकाभित्र **कम्पनीमार्फत** हुने रु.३ करोडभन्दा माथिको घर जग्गा सम्बन्धी कारोबारका लागि ईजाजतपत्र लिनुपर्ने) ***व्यक्ति व्यक्ति वीचहुने कारोवारमा इजाजत पत्र आवश्यक नपर्ने*** (व्यवस्था गर्न नेपाल राजपत्रमा सूचना प्रकाशन गरिएको ।

३. **जनचासोको महत्वपूर्ण विषयमा मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरिएको सम्बन्धमाः** भूउपयोग नियमावली ,२०७९ बमोजिम मिति २०८२ असार मसान्तसम्म अधिकांश स्थानीय तहहरुको कित्तागत विवरण सहितको भूउपयोग क्षेत्र वर्गीकरण गर्ने कार्य सम्पन्न नभएका कारण कित्ताकाट रोकिन गई जग्गा प्रशासनको नियमित कार्य अवरुद्ध हुन गएको सन्दर्भमा उक्त

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्स: ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

वर्गीकरणको अवधि २०८३ असार मसान्तसम्म कायम हुने गरी एवं विद्युत प्रसारण लाइनको मार्गाधिकार क्षेत्रभित्र पर्ने निजी जग्गाको कित्ताकाट गर्ने व्यवस्था तथा भूमि बैंक संचालन सम्बन्धी व्यवस्था गर्ने गरी भूउपयोग नियमावली ,२०७९ को तेस्रो संशोधनको मस्यौदा तयार गरी स्वीकृतिका लागि नेपाल सरकार ,मन्त्रिपरिषद्मा पेश गरिएको । साथै राज्य सुविधा परिचयपत्र वितरण गर्न बाँकी रहेका १० जिल्लाको गरिब घर परिवार पहिचान गरी तयार गरिएको गरिब घरपरिवार) ९४,५७२ (को अन्तिम सूची तयार गरी स्वीकृतिका लागि नेपाल सरकार ,मन्त्रिपरिषद् मा पेश गरिएको।

४. <u>क्षतिग्रस्त श्रेस्ताको पुनर्स्थापनालाई सहज एवं सरल तुल्याउन परिपत्र जारी गरिएको सम्बन्धमा:</u> गत भाद्र २४ र २५ गतेका दिन देशव्यापी रुपमा Gen-Z को अगुवाइमा भएको आन्दोलनका क्रममा क्षति भएका १० वटा भूमि सुधार तथा मालपोत र मालपोत कार्यालयहरुको स्रेस्ता अद्यावधिक कार्यलाई सहज एवं सरल तुल्याउन मन्त्रालयबाट नीतिगत निर्णय गरी परिपत्र जारी गरिएको र सोही बमोजिम श्रेस्ता पुनर्सथापना कार्य प्रारम्भ भैसकेको । साथै क्षति पुगेका सम्पूर्ण भूमि सुधार तथा मालपोत र मालपोत कार्यालय तथा नापी कार्यालयहरुबाट क्षतिका आधारमा स्रेस्ता अद्यावधिक कार्य लगायत नियमित सेवा प्रवाह सम्बन्धी कार्य सुचारु गरिएको।

५. <u>समस्याग्रस्त सहकारीका रू १ लाखसम्म बचत रहेका बचतकार्ताको बचत फिर्ताको लागि चक्रीय कोष स्थापना कार्य अगाडी बढाइएको सम्बन्धमा:</u> आ.व .२०८२/०८३ को नीति तथा कार्यक्रममा "समस्याग्रस्त सहकारीका साना बचतकर्तालाई तत्काल राहत उपलब्ध गराउन सहकारी नियमन प्राधिकरण मार्फत कोष स्थापन गरिने" विषय उल्लेख भएको सन्दर्भमा समस्याग्रस्त सहकारीका रु .१ लाखसम्म बचत रहेका बचतकर्ताको बचत फिर्ता गर्ने प्रयोजनका लागि चक्रीय कोष स्थापना एवं संचालन र विऊ पूँजी व्यवस्थापनका लागि कार्यविधि निर्माण गर्नका लागि सरोकारवाला निकायहरूको सहभागितामा छलफल भई सोको मस्यौदा तयार गरी रायका लागि अर्थ मन्त्रालयमा पठाइएको ।

गणेशप्रसाद भट्ट
सहसचिव / प्रवक्ता